


शुद्धोधन गाउँपालिका, मानपकडी रुपन्देहीको दोस्रो गाउँसभा मिति २०७४ साल चैत १५ गते गाउँपालिका अध्यक्ष श्री किशुन चन्द्र चौधरी ज्यूको अध्यक्षतामा सम्पन्न भयो। उक्त दोस्रो गाउँसभामा विभिन्न ५ वटा विधेयकहरुमा प्रस्तुत गरिएको थियो। सो सभामा वडा नं. ५ का अध्यक्ष तथा विधेयक समितिका संयोजक श्री पुन्नेराम गौतमले ***कृषि व्यवसाय प्रवर्द्धन विधेयक-२०७४, प्रशासकीय कार्यविधि ( नियमित गर्ने) विधेयक - २०७४, सहकारी विधेयक - २०७४*** प्रस्तुत गर्नुभयो यसैगरी वडा नं. ६ का वडा अध्यक्ष तथा न्यायिक समितिका सदस्य श्री जयशंकर पाठकले ***न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक - २०७४*** र वडा नं. ४ का वडा अध्यक्ष तथा सामाजिक विकास समिति संयोजक श्री राजेन्द्र कंडेलले ***शिक्षा विधेयक - २०७४*** सभा समक्ष प्रस्तुत गर्नुभयो।




सभा मा सभाका अध्यक्ष श्री किशुन चन्द्र चौधरी ज्यू वाट प्रस्तुत विधेयकहरु निर्णयार्थ पेश हुदाँ सबै ५ वटै विधेयकहरु सर्वसम्मत वाट पारीत भएको जानकारी गराईएको थियो ।



उक्त कार्यक्रममा वडा सदस्यहरु  श्री चन्द्रभान चौधरी, मणिप्रसाद खनाल, कमला खड्का तथा गाउँपालिका उपाध्यक्ष शान्ता देवी ज्ञवाली वाट सभाको सफलतको शुभकामना मन्तब्य व्यक्त गर्नु भएको थियो । सो सभामा सहजीकरण प्रमुख प्रशासकीय अधिकृत श्री अनन्तपाणि मरासिनीले गर्नु भएको थियो ।

यसरी शुद्धोधन गाउँपालिकाको दोस्रो गाउँसभा सौहार्द्रपूर्ण रुपमा सम्पन्न भएको गाउँपालिकाका प्रवक्ता श्री राजेन्द्र कंडेलले जानकारी दिनुभयो ।

